नेपाल सरकार

संघीय मामिला तथा तथा सामान्य प्रशासन मन्त्रालय

(संघीय मामिला शाखा )

प.सं.२०७७/७८
च.नं. ६४

सिंहदरबार, काठमाण्डौ

मितिः २०७७/१०/१६

श्री स्थानीय तह सबै।

विषयः राष्ट्रीय जनगणाना सम्वन्धमा ।

केन्द्रीय तथ्याङ्क विभागको च.नं.४७८ मिति २०७७/१०१२ गतेको प्राप्त पत्रको छाँया प्रति यसै साथ संलग्न छ ।सो पत्र बाट व्यहोरा अवगत गर्नु भई सोही वमोजिम गर्ने, गराउने व्यवस्था गर्नु हुन अनुरोध छ ।

महेश कुमार दाहाल
शाखा अधिकृत

१. केन्द्रीय तथ्याङ्क विभाग, रामशाहपथ,थापाथली काठमाण्डौ ।
२.श्री सूचना प्रविधि शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः ईमेल मार्फत उपलव्ध गराईदिनुहुन ।

फोनः४२००२८६, फ्याक्स नं. : ४२००१०८/१०९/११०, वेवसाइट : www.mofaga.gov.np

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
# केन्द्रीय तथ्याङ्क विभाग
थापाथली, काठमाडौं

## करार सेवामा जनशक्ति लिनेसम्बन्धी सूचना

अनलाइनमा प्रकाशित मिति :-२०७७/१०/११

यस विभागको चालू आर्थिक वर्षको स्वीकृत राष्ट्रिय जनगणना २०७८ कार्यक्रम अन्तर्गत राष्ट्रिय जनगणना, २०७८ मा तथ्याङ्क संकलन तथा सुपरिवेक्षण गर्ने कार्यका लागि तपसिल बमोजिमको पद र संख्यामा करार सेवामा व्यक्तिहरु लिई काम गर्नु गराउनुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिबाट ६० दिनभित्र विभागले तयार गरेको अनलाइन जनशक्ति भर्ना प्रणाली बमोजिम दरखास्त आह्वान पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी तथा रित नपुगी आएका दरखास्तउपर कुनै कारवाही गरिने छैन।

तपसिल

| सि.नं. | पद | माग संख्या | न्यूनतम योग्यता | छनौट विधि | परीक्षा दस्तुर | सेवा सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|
| १ | सुपरिवेक्षक | ८,००० | स्नातक तह उत्तिर्ण | निश्चित मापदण्डको आधारमा सर्टलिस्ट गरिने | निशुल्क | मासिक रु.२८,२००।- | दुई महिना |
| १ | गणक | ३९,००० | + २ वा प्रमाणपत्र तह उत्तीर्ण | | | मासिक रु.२६,६१०।- | एक महिना |

**विशेष प्राथमिकता**

(क) नेपाली भाषाको अतिरिक्त स्थानीय भाषा बोल्न, बुझ्न र अरुलाई बुझाउन सक्ने व्यक्ति,

(ख) राष्ट्रियस्तरको गणना तथा सर्वेक्षण वा विभागबाट सञ्चालित कुनै पनि कार्यमा अनुभव हासिल गरेका वा तालिम लिएका व्यक्ति,

(ग) तथ्याङ्क वा जनसंख्या विषय लिई स्नातकोत्तर तह अध्ययनरत विद्यार्थी वा सो तह उत्तीर्ण गरेका व्यक्ति।

**अनलाइन निवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजात (इमेज फाइल)**

(क) नेपाली नागरिकताको प्रमाण पत्र,

(ख) पासपोर्ट साईजको फोटो,

(ग) शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र (Transcript),

(घ) तालिम तथा अनुभवको प्रमाणपत्र।

**अन्य जानकारी**

१) सम्पर्क गर्ने स्थान र मिति : सम्बन्धित प्रदेश/जिल्ला जनगणना कार्यालय। सुपरिवेक्षकको लागि २०७७ चैत्र २० गते र गणकको लागि २०७८ बैशाख १५ गते ।

२) काम गर्नुपर्ने स्थान : सम्भव भएसम्म उम्मेदवारले रोजेको स्थानीय तह।

३) कामको विवरण : गणकले तथ्याङ्क संकलन र सुपरिवेक्षकले तथ्यांक संकलन र सुपरिवेक्षण कार्य गर्नुपर्ने।

४) उमेर: दरखास्त दिने अन्तिम दिनमा १८ वर्ष पूरा भई ४० वर्ष (महिलाको हकमा ४५ वर्ष) ननाघेको।

५) प्राप्त हुन आएका दरखास्तहरु अध्ययन गरी उम्मेदवारको अनुभव तथा शैक्षिक योग्यताका आधारमा विभागले सर्टलिस्टिङ्ग गर्ने र सर्टलिस्टिङ्गमा परेका उम्मेदवारहरुलाई सम्बन्धित प्रदेश/जिल्ला जनगणना कार्यालयमार्फत् अन्तरवार्ताका लागि बोलाउन सक्नेछ।

६) अनलाइन दरखास्त फाराम भर्ने लिंक: https://censushrms.cbs.gov.np वा www.cbs.gov.np वा https://censusnepal.cbs.gov.np/

७) प्रत्येक जिल्लामा मिति २०७७ चैत्र १ गतेदेखि जिल्ला जनगणना कार्यालय खोलिने भएकोले २०७७ चैत्र ५ देखि चैत्र ११ गतेसम्म कार्यालय समयमा समेत दरखास्त फाराम बुझाउन सकिनेछ ।